नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

अत्यन्त जरुरी

पत्र संख्या : ०८८/८६
चलानी नं. : ११८४

मिति : २०७९/०१/२५

श्री सम्पूर्ण सदस्य दलाल कम्पनी तथा सरोकारवाला पक्षहरु
काठमाडौं, नेपाल ।

**विषय :- अडलट कारोबार नगर्ने/नगराउने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम (५)को उपविनियम (१) मा कारोवार हुने धितोपत्र शेयर वा सामुहिक लगानी प्रयोजनको इकाई भएमा अंकित मूल्य रु.१० भएमा १०० कित्ता र अंकित मूल्य रु. १०० भएमा १० कित्ता कारोबार इकाई हुने व्यवस्था रहेको साथै सोही विनियमको उपविनियम (२) मा भएको व्यवस्था बमोजिम धितोपत्र ऋणपत्र भएमा अंकित मूल्य रु.१० भएमा १०० कित्ता र संस्थापक ऋणपत्रको अंकित मूल्य रु. १०००/- भएमा १ किता कारोबार इकाई हुने उल्लेख छ । सोहि विनियमको उपविनियम (३) बमोजिम "उपविनियम (१) र (२) मा उल्लखित कारोबार इकाई भन्दा कम परिमाणको धितोपत्र अडलट हुनेछ र त्यस्तो धितोपत्रको कारोबारलाई अडलट कारोबार भनिनेछ तर कारोबार इकाई वा सो भन्दा बढी धितोपत्र भएका धितोपत्रधनिले त्यस्तो धितोपत्रलाई अडलट बनाई बिक्री गर्न पाइने छैन" । धितोपत्र कारोबार सम्बन्धमा उल्लेखित कानूनी व्यवस्था तथा प्रचलित कानून बमोजिम धितोपत्र व्यवसाय सञ्चालन गर्ने जिम्मा अनुमतिपत्र प्राप्त सदस्य दलालमा रहेको स्मरण गराउदै सम्पूर्ण सदस्य दलाललाई उक्त प्रावधान विपरित सदस्य दलाल व्यवसायीको TMS प्रणालीबाट अनलाईन तथा अफलाईन मार्फत समेत अडलटमा कारोबार नगर्नु/नगराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

**बोधार्थः-**

१. श्री प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

मिलन मगर
(वरिष्ठ अधिकृत)
सुपरिवेक्षण शाखा

**पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल**
**(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)**
**Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025**
**website : www.nepalstock.com/ www.nepalstock.com.np**
**email : info@nepalstock.com**
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.